# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

बाघखोर, नुवाकोट
प्रदेश नं. ३ नेपाल

प. सं. : २०७५/७६
च.नं. : ०४

मिति :२०७६।०२।१४

**विषय : विशेषज्ञ सूचीकृत हुने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिका अर्न्तगत सञ्चालित सामुदायीक विद्यालयहरुमा रिक्त हुने स्वीकृत दरबन्दि तथा राहात अनुदान कोटामा नियमानुसार करारमा शिक्षक/प्रधानाध्यापक नियुक्तिको लागि **"करारमा शिक्षक भर्ना, विद्यालय सञ्चालन अनुमति, स्वीकृति एवम् समायोजन व्यवस्थापन कार्यविधि, २०७६"** को बुँदा नं.५ मा व्यवस्था भए अनुसारको छनौट समितिमा रहि कार्य गर्न इच्छुक देहाय अनुसार योग्यता पुगेका प्र.अ./शिक्षकहरुले निम्नानुसार कागजात सहितको निवेदन **मिति २०७६।०२।२९** गते भित्र यस कार्यालयको **शिक्षा, युवा तथा खेलकुद शाखामा** पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(ज्ञानेन्द्र बन)
उपसचिव

**ज्ञानेन्द्र बन**
**उप-सचिव**

तपशिल

**१. विशेषज्ञको रुपमा सूचीकृत हुन आवश्यक न्यूनतम योग्यता :**

(क) अधारभुत तह (१-५ र ६-८) को लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातक उत्तिर्ण, सम्बन्धित तह/विषयको स्थायी शिक्षक र तीन बर्ष शिक्षण अनुभव (अस्थाई सेवा समेत) भएको हुनु पर्नेछ ।

(ख) माध्यमिक तह (९-१२) को लागि कम्तिमा शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तिर्ण, सम्बन्धित तह/विषयको स्थायी शिक्षक र तीन बर्ष शिक्षण अनुभव (अस्थाई सेवा समेत) भएको हुनु पर्नेछ ।

(ग) विशेषज्ञको रुपमा सूचिकृत हुन शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टिकरण तालिका बमोजिम सबै विषयका प्रश्न पत्र (नेपाली र अंग्रेजी माध्यममा) निर्माण, उत्तरकुन्जिका निमार्ण तथा उत्तरपुस्तिका परीक्षण गर्न सक्ने हुनु पर्नेछ ।

**२. विशेषज्ञको रुपमा सुचिकृत हुन देहाय अनुसारका कागजात पेश गर्नु पर्नेछ :**

(क) नेपाली नागरीकताको प्रमाण पत्रको प्रतिलिपी ।

(ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।

(ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी ।

(घ) अस्थायी/स्थायी नियुक्ति पत्रको प्रतिलिपी ।

**३. विशेषज्ञको रुपमा सूचिकृत हुन निवेदन साथ रु.१५००/- दस्तुर तिरेको रसिद पेश गर्नु पर्नेछ ।**

४. माध्यमिक तहको विशेषज्ञको रुपमा सूचिकृत भएका विशेषज्ञले आधारभुत तहको विशेषज्ञको रुपमा समेत काम गर्न सक्नेछन् ।

५. आधारभुत तह (६-८) र माध्यमिक तहको लागि विषयगत रुपमा विशेषज्ञ सुचिकृत गरीनेछ ।

६. एक पटक सूचिकृत भएका विशेषज्ञहरूको समयावधि दुई वर्षको हुनेछ ।

**७. दरखास्त दिने अन्तिम मिति २०७६।०२।२९**